# रिमाल समाज

## वार्षिक प्रतिबेदन २०७९/८०

**रिमाल समाजको १२औं साधारण सभाका सभाअध्यक्ष डा. डिल्लीराम रिमाल ज्यू**
**रिमाल समाज केन्द्रीय कार्य समितीका अन्य पदाधीकारी ज्यू**
**रिमाल समाज जिल्लाशाखाका प्रतिनिधी ज्यूहरु**
**आज सम्मानित हुनु हुने सम्पुर्ण अग्रज मान्यजन तथा भाइबहीनीहरु लगायत रिमाल समाजका आजीवन तथा साधारण सदस्य ज्यू हरु र पत्रकार मित्रहरु**

### पृष्ठभुमि

रिमाल समाज विधिवत रुपमा दर्ता भइ स्थापना भएको आज १२औ वर्ष पुरा गरी १३औ वर्षमा लागेको छ हामीले आज पहिलो पटक रिमाल समाज दर्ता भएको जिल्ला भन्दा बाहीर चितवनमा साधारण सभा गरी रिमाल समाजले स्थापनाकाल देखी भए गरेका कार्यहरु र आगामी कार्यक्रमहरुका बारेमा व्यापक छलफल गरी निर्णयमा पुग्ने छौ र रिमाल समाजलाइ देशमा रहेका यस्तै हामी जस्तै विभिन्न संस्थाहरुभन्दा व्यवस्थीत र मर्यादित बनाउदै कालान्तर सम्म पनि निरन्तर आउने पुस्ताहरुलाइ हस्तान्तरण गर्दै अगाडी बढने छौ ।

रिमाल समाज जिल्ला प्रशासन कार्यालयमा आ.ब. २०६७/०६८ मा द.नं. ७४४ कामपा ३७४, समाज कल्याण परिषदमा आवद्धता नं. ३१८१५ र पान नं. ३०४९६०५१ मा दर्ता गरी आफ्नो विधान र विनियम अनुसार कार्य गरी आएको कुरा यहाँहरु सबैलाइ अवगत नै छ । यसका बावजुत रिमाल समाजले विगतका वर्षहरुमा विधिवत रुपमा अछाम, सुर्खेत, कैलाली, कास्की, पर्वत, स्याङ्गजा, लमजुङ्ग, मकवानपुर, ललितपुर, दोलखा, नुवाकोट, मोरङ्ग, झापा, र पाँचथरमा, शाखा स्थापना गरी बन्धुहरुको एकतामा जोड दिदै वंशावली शंकलन, कुल मन्दिर निर्माण, र सामुदायीक भवनहरु निर्माणगरी समाजमा छुट्टै पहिचान स्थापीत गर्न सफल भएका छौ ।

### वंशावली दोश्रो संस्करण प्रकाशीत

सम्पुर्ण शाखाहरुको पुर्ण सहयोगमा रिमाल समाजको महत्वपुर्ण आ.ब. २०७९/०८० रह्यो । यस अर्थमा रिमाल समाजले रिमाल वंशावली प्रकाशन समिति द्वारा प्रकाशीत २०५८ सालको वंशावलीलाइ परिमार्जन तथा सुधार गरी दोश्रो संस्करण प्रकाशन गर्न सफल रह्यो । यो संस्करणमा सकभर कमजोरी त्रुटी हरु नरहुन भन्दा भन्दै पनि केही रहन गए कोही बन्धुहरुको विवरण हरु छुटन गए । आगामी संस्करणमा यसलाइ सुधार गरीने पनि हामी सबैलाइ अवगत गराउदछौ । र रिमाल समाजमा आवध्द नहुनु भएका बन्धुहरुलाइ विधान विनियम तथा निर्णयहरु पालना गरी आवध्द हुन अपील समेत गर्दछौ ।

### प्रचार प्रशार

रिमाल समाजको स्थापनाकाल देखि www.family.rimalsociety.com.np र www.rimalsociety.com.np दर्ता गरि बंशावलीका सम्पुर्ण कुराहरु सुचना तथा समाचारहरु रिमालहरुका लेख तथा रचानाहरु राखि सकिएको छ । वेवसाइटमा रिमालहरुका यस्ता कृतिहरु छन भने हामीलाइ उपलव्ध गराउनु भयो भने हामी उचित स्थानमा राखी प्रचार प्रशार गर्ने छौ । अझै पन कोही कसैको पुर्खा भेटीनु भएको छैन भने रिमाल समाजले तयार गरेको फारामभरी सम्बन्धित जिल्ला शाखा वा केन्द्रमा बुझाउनु भए हामी पहल गर्ने छौ ।

रिमाल समाजको पहिलो उद्देश्य अनुरुप वंशावलीलाई पूर्णता दिनु रहेको सो अनुसार रिमाल समाजले तयार पारेको फाराम अनुसारका विवरण हरु प्रत्येक रिमालका घरहरूबाट प्राप्त हुन नसकिरहेको अवस्थामा यो वर्ष शाखा भई सकेका जिल्लाहरुमा शाखा कार्यालयहरुलाई अझ सक्रिय बनाई बंशावली शंकलन तथा कुलपुजालाइ व्यवस्थीत बनाउने ।

**रिमाल समाजमा स्थापीत कोषहरु**

रिमाल समाजमा विगतका वर्षहरु देखि विभिन्न कोष हरु संचालन भएको छ ।

**शैक्षिक कोष**

निर्मल निरा शैक्षीक पुरस्कार यस कोषमा रिमाल समाजका पुर्व अध्यक्ष स्व. निर्मल कुमार रिमालले कोष स्थापना गरी उक्त कोषको व्याज बाट आर्जीत रकम बाट एसएली एसइइ हुदै विगतको वर्ष देखी १२ कक्षाको परिक्षामा रिमालहरु मध्ये उत्कृष्ट अंक प्राप्त गर्ने २ जनालाइ नगद तथा सम्मान पत्र द्वार सम्मान गरीदै आएको छ । यो पुरस्कार तथा सम्मान यो वर्ष पनि गरीदै छ ।

दिवाकर निरा शैक्षिक कोष यसमा रिमाल समाजका संस्थापक सदस्य स्व. दिवाकर प्रसाद रिमालको सम्झनामा उहाकी धर्मपत्नी निरा रिमालले १० कक्षा सम्मका एक जना भाइ वा बहीनीका लागी वर्ष भरी लाग्ने पाठ्य सामाग्री लगायतका आवस्यक सामानहरुका लागी रु एक लाख रुपैयाको कोष खडा गरी सो कोषको व्याज बाट दुर दराजका असाहय बन्धुहरुलाइ उपल्वध गराउने जसको लागी शैक्षिक सत्र २०८० का लागी अछाम निवासी नविन रिमाललाइ रिमाल समाज अछामको माध्यमबाट रु १००००/- उपलव्ध गराइएको ।

**स्वास्थ कोष**

यस कोषमा काठमाण्डौ डिल्लीबजार निवासी आफ्नो नाउ नवताउने पिताको सम्झनामा स्वास्थकोष खडा भएको छ यस कोषको व्याज बाट आर्जित रकम बाट आर्थिक अवस्था कमजोर रहेको बन्धुहरुको उपचारमा खर्च गरिने छ ।

**भवन निर्माण कोष**

यस कोषमा रिमाल समाजको केन्द्रिय कार्यालय निर्माणको लागी स्थापना भएको कोष हो ।

**कुल मन्दिर निर्माण कोष**

यस कोषमा देश तथा विदेशमा रहनु भएका सम्पुर्ण रिमालहरुको उद्गम स्थल अछाम स्थित ढनेटामा कुल मन्दिर निर्माणका लागी स्थापनाकालदेखी निर्मित कोष हो

**रिमाल समाजको ११ औ साधारण सभा तथा चोथो अधिवेसन सम्पन्न**

रिमाल समाजको ११ औ साधारण सभा तथा चोथो अधिवेसन २०७९ साल असोज ३० गते शनिवार विहान ११ बजे नेपाल स्टक हाउसको कार्यालय डिल्लीबजारमा सम्पन्न भएको थियो ।

यस कार्यक्रममा रिमाल वंशावली दोश्रो संस्करण ११०० थान प्रकाशीत गरी विमोचन गरीएको थियो । विमोचनमा रिमाल समाजका वरिष्ठ सल्लाहकार तथा पहिलो रिमाल वंशावली प्रकाशन समितीका उपाध्यक्ष लक्ष्मण प्रसाद रिमाल रिमाल

समाजका अध्यक्ष डा. डिल्लीराम रिमाल रिमाल उपाध्यक्ष ईश्वरी प्रसाद रिमाल र रिमाल वंशावली प्रकाशन समितिका संयोजक ई कृष्ण प्रसाद रिमाल र रिमाल समाजका संरक्षक डा. राम रत्न उपाध्याय रिमालले संयुक्त रुपमा विमोचन गर्नु भएको थियो । सोही कार्यक्रममा डा.डिल्लीराम रिमालको अध्यक्षतामा १९ सदस्यीय नया कार्य समिती सर्व सम्मतीले चयन गरीएको थियो जसको विवरण रिमाल समाजको वेवसाइटमा राखीएको छ ।

**रिमाल समाजको नियमित कार्य प्रगती विवरण**

रिमाल समाज को मिति २०७९ साल चैत्र २५ गते शनिवार नेपाल स्टक हाउसको कार्यालय डिल्लीबजारमा सम्पन्न शुभकामना आदान प्रदान तथा सम्मान कार्यक्रमको आयोजना गरी रिमाल समाजको नियमित सम्मान कार्यक्रम सम्पन्न गरको थियो । उक्त समयमा विगतका केही वर्ष देखि भित्ते पात्रो प्रकाशन गर्ने र विमोचन गरी वितरण गर्ने गरीन्थ्यो भने यो समयमा वंशावली प्रकाशनमा परेको आर्थिक भारले प्रकाशन गर्न सकिएन यसको लागी हामी केन्द्रीय कार्य समिती सबै बन्धुहरुलाइ अवगत गराउन चाहन्छौ ।

**यसै गरी आ.ब २०७९/८० मा सम्मानित हुनु भएका बन्धुहरु**

बागमती प्रदेश अन्तर्गत नुवाकोट जिल्ला, तारकेश्वर निवासी रिमाल समाजका १७ औं पुस्ताका मुकुन्दका नातिने बुहारी इन्द्रप्रसादकी बुहारी धर्मदत्तकी पत्नी १९८०/०५/१२ मा नुवाकोटको महादेवखर्क दुई पीपलमा जन्मनु भएकी "श्री रुपकुमारी रिमाल" कोशी प्रदेश अन्तर्गत मोरङ जिल्ला, रतुवामाई (सातमेडी, इटहरा) हाल काठमाडौं १४ कलंकी निवासी रिमाल समाजका १७औं पुस्ताका हरिवंश (जनकलाल) का नाती लक्ष्मीकान्त (अभिकेशर) का छोरा विक्रम संवत् १९८९/०३/२२ मा धनकुटाको चानुवामा जन्मनु भएका १९ औं पुस्ताका "श्री हरिप्रसाद रिमाल" बागमती प्रदेश अन्तर्गत काठमाडौं कोटेश्वर निवासी रिमाल समाजका १९ औं पुस्ताका कृष्ण उपाध्यायकी बुहारी पिताम्बर उपाध्यायकी पत्नी विक्रम सम्वत् १९८९/१०/०२ मा जन्मनु भएकी "श्री भगवती रिमाल" बागमती प्रदेश अन्तर्गत दोलखा वैतेश्वर निवासी रिमाल समाजका १७ औं पुस्ताका जयनारायणका नाती बलभद्रका छोरा १९९०/११/०२ मा जन्मनु भएका "श्री महेश्वर रिमाल" आज सम्मानित हुनु हुने जेष्ठ रिमाल हरु मध्ये यस कार्यक्रममा उपस्थीत जेष्ठ रिमालहरुलाइ जनही २ हजार दक्षिणा सपना रिमाल अधिकारी ले प्रदान गर्नु भएको थियो । अन्य जिल्ला बाट सम्मानित हुनु हुने रिमालहरुलाइ संम्बन्धीत जिल्लाका प्रतिनिधीलाइ उहाकै स्थानमा पायक पर्ने गरी सम्मान गर्न सम्मान पत्र तथा दोशल्ला हस्तान्तरण गरीएको थियो जसमा सुदूरपश्चिम प्रदेश अन्तर्गत कैलाली लम्कीचुहा निवासी रिमाल समाजका १८ औं पुस्ताका केवले जैसी रिमालकी बुहारी रंगनाथ जैसी रिमालकी पत्नी विक्रम सम्वत् १९८८/०१/०८ मा जन्मनु भएका श्री "मनादेवी जैसी रिमाल" को सम्मान पत्र रिमाल समाज केन्द्रिय कार्य समितिमा कैलाली बाट प्रतिनिधित्व गर्नु हुने विर्ख रिमाल गण्डकी प्रदेश अन्तर्गत लमजुङ तल्लो मकैडाँडा निवासी रिमाल समाजका १५ औं पुस्ताका जुध्दवीरका नाती शेरबहादुरका छोरा विक्रम सम्वत् १९८८/०१/०८ मा जन्मनु भएका "श्री सन्तबहादुर रिमाल" र गण्डकी प्रदेश अन्तर्गत लमजुङ छापस्वारा निवासी रिमाल समाजका १५ औं पुस्ताका रामचन्द्रका नाती जयबहादुरका छोरा विक्रम सम्वत् १९८७/०३/२९ मा जन्मनु भएका "श्री शेरबहादुर रिमाल" को सम्मान रिमाल समाज केन्द्रिय कार्य समितिका उपाध्यक्ष यम बहादुर रिमाल मधेश प्रदेश अन्तर्गत पर्सा जिल्ला ठोरी निवासी रिमाल समाजका १६औं पुस्ताका रणबहादुर (जयबहादुर) को नाती जंगबहादुरका छोरा विक्रम सम्वत् १९८५ मा जन्मनु भएका "श्री लाल बहादुर रिमाल" को सम्मान पत्र चितवन जिल्ला उपाध्यक्ष श्री हरिदत्त रिमालको लाइ हस्तान्तरणगरी सम्बन्धीत जिल्ला शाखाहरुले समयमा नै एक कार्यक्रमको आयोजना गरी हस्तान्तरण गरीएको थियो ।

त्यस्तै निर्मल निरा शैक्षिक पुरस्कार बाट ३.९२ GPA सहित पंकज रिमाल ३.७० GPA सहित श्री स्नेहा रिमाल लाइ जनही रु ५००० का साथमा सम्मान गरीएको थियो ।

**देशका राष्ट्रिय पुस्तकालयहरुमा संग्रहीत गरीएको**

मदन पुरस्कार पुस्तकालय पाटन ढोका, केशर पुस्तकालय केशर महल, डा.डिल्ली रमण रेग्मी पुस्तकालय लैनचौर, राष्ट्रिय पुस्तकालय सानो ठीमीमा संग्रहीत गरीएको र त्रिभुवन विश्व विध्दालय पुस्तकालयमा पुस्तक दिइएको तर संग्रहीत हुन सकेको छैन त्यसको प्रकृयमा हामी रहेका छौ ।

**रिमाल समाजको नया शाखा विस्तार**

मिति २०८० साल असार ९ गते शनिवार रिमाल समाज धादिङ्ग शाखा केशव प्रसाद रिमालको संयोकत्वमा ९ सदस्यीय तदर्थ समिति गठन गरीएको छ यस समितीले उक्त मिति बाट छ महिना भित्र जिल्ला भरिका रिमालहरुको भेला गरी जिल्ला सम्मेलन गर्ने छ ।

जिल्ला शाखाहरुले आफ्ना नियमित कार्यक्रम हरु बेला बेलामा गरी रहनु भएको छ । साधारण सभा तथा अधिवेसन हरु गरी रहनु भएको छ र कुल पुजा हरु परम्परागत हिसावले व्यवस्थित गरी रहनु भएको छ । र सम्मान गर्ने कार्यरहरुमा कैलाली शाखाले गायीका रचना रिमाललाइ एक कार्यक्रम गरी सम्मान गरेको थियो


हाल सम्म कुल मन्दिर भएका जिल्ला हरुमा पर्वत, कैलाली, लमजुङ्ग बेशी शहर, लमजुङ्ग जिता, दोलखा मा भएका छन भने रिमालहरुको उद्‌गम स्थल अछामको ढनेटामा निर्माण हुदैछ । यस निर्माणमा देशभरका रिमालहरुको सहभागीता हुन आवस्यक छ । कीनकी हामीहरुको उक्त स्थान तातथलो हो । आज प्रवासी रिमाल समाज, रिमाल समाज अछामको संयुक्त पहलमा हुदैछ भने केन्द्रको पनि आवस्यक सहयोग रहने छ ।

**अबको कार्यक्रम**

रिमाल समाजले स्थापनाकालमा लिएको दुइवटा लक्ष मध्ये एउटा लक्ष पुरा भएको रिमाल वंशावली दोश्रो संस्करण उक्त पुस्तक रिमाल हरुका घर घरमा पुगेको छैन एक घर एक किताव घरमा राख्नको लागी जिल्लाशाखाहरुलाइ सक्रीय गराउनु पर्ने किनकी जम्मा ११०० थान प्रकाशीत गरीएको मा हाल सम्म ३०० थान पनि विक्री भएको छैन । यसले हामीलाइ आगामी प्रकाशनमा ठूलो असर गर्नेछ ।

यस संस्करणमा भएका सामान्य त्रुटीहरु समय मै सच्याउने र आगामी प्रकाशनमा त्रुटीरहीत प्रकाशीत गर्ने ।
रिमाल समाजले अबको समयमा कौशीक गोत्रीय बन्धुहरुका समाजहरुसंग सहकार्य गरी सबैको वंशावली प्रकाशन गर्न प्रेरीत गर्ने ।

कुल पुजा र विधीलाइ एकरुपताल्याउन सबै क्षेत्रका विज्ञहरु संग आवस्यक छलफल चलाउने ।
रिमाल समाजको स्थापनाकाल देखि आज सम्म निरन्तर बार्षिक प्रतिवेदन पेश गरीरहन पाएकोमा सबै सदस्य बन्धुहरुमा आभार व्यक्त गर्दै सबै बन्धुहरुलाइ हाम्रा कुल देवताले रक्षा गरुन ।
जय रिमाल समाज



...........................
रवि रिमाल
रिमाल समाज महासचिव
मिति २०८०/०५/३०